# माडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बसन्तपुर, चितवन

सूचनाको हकसम्बन्धी ऐन, २०६४, को दफा ५(३)

र

नियमावलीको नियम ३ बमोजिम

सार्वजनिक गरिएको विवरण

*अफिसियल वेबसाईट :- www.madimunchitwan.gov.np*
*अफिसियल इमेल : dms.maddimunchitwan@gmail.com*
*अफिसियल फेसबुक :- हेल्लो माडी नगरपालिका*
*फोन नम्बर :- 056501041 / 056501021*

CamScanner

## सूचनाको हकसम्बन्धी ऐन, २०६४, को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**१) सूचना सार्वजनिक गर्ने निकायको नाम**

- माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

**२) सूचना सार्वजनिक गरेको अवधि**

- वार्षिक - तेस्रो त्रैमासिक (माघ, फाल्गुण चैत्र) आ.व. : २०८१/०८२

**३) कार्यालयको स्वरुप र प्रकृति**

- साविकका ४ वटा गा.वि.स.हरु अयोध्यापुरी, माडी कल्याणपुर , बघौडा र गर्दीलाई समेटेर वि.सं. २०७३ सालमा माडी नगरपालिका घोषणा भएको
- यसको सिमानामा पूर्वमापर्सा जिल्ला, पश्चिममा चितवन राष्ट्रिय निकुञ्ज, उत्तरमाचितवन राष्ट्रिय निकुञ्ज र दक्षिणमा पर्सा जिल्ला र भारत
- भौगोलिक अवस्थिति अनुसार यस नगरपालिका ८४ डिग्री १५ मिनेट २० सेकेण्ड देखि ८४ डिग्री ३२ मिनेट ३३ सेकेण्ड पूर्वी देशान्तर सम्म फैलिएको र २७ डिग्री २१ मिनेट, १६ सेकेण्ड देखि २७ डिग्री ३० मिनेट ४९ सेकेण्ड उत्तरी अक्षांस सम्म फैलिएको क्षेत्रफल २१८.५२ वर्ग कि.मी. रहेको छ। यस नगरपालिकाको उत्तर दक्षिणको लम्वाई २९.११ कि.मि.
- माण्डव्य ऋषिले यस भूमीमा तपस्या गरेर यहाँका बासिन्दाहरुलाई मार्ग दर्शन गर्नु भएको र माण्डव्य ऋषिको तपस्थली भएकाले माडी भनिएको भन्ने किम्वदन्ती
- यहाँका आदीवासी थारुहरुले आफ्नो भाषामा पानी जमेको स्थानलाई माड् भन्ने गरेका र माडी उपत्यका भित्र पानी जमेको देखेर थारुहरुले माड्-माड् भन्दै आउदा माडी नाम रहेको आदीवासी थारुजातीका वुढापाका, बुद्धिजिवीहरुको कथन रहेको

**४) काम कर्तव्य र अधिकार**

- सहकारी संस्था व्यवस्थापन
- स्थानीय कर सेवा शुल्क र दस्तुर
- एफ एम् सञ्चालन
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्याकं संकलन अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना र परियोजना
- आधारभूत र माध्यामिक शिक्षा
- आधारभूत स्वास्थ्य तथा सरसरफाई
- स्थानीय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक ग्रामिण सडक कृषि सडक र सिंचाई
- नगर सभा मेलमिलाप तथा मध्यस्तताको व्यवस्थापन
- बेरोजगार तथ्यांक संकलन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण
- कृषि तथा पशुपालन कृषि व्यवस्थापन पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक अपागंता भएका व्यक्ति र अशक्तको व्यवस्थापन
- कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण
- खानेपानी तथा वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार वन्यजन्तु खानी तथा खनीज पदार्थको संरक्षण
- भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास
- नगर प्रहरी व्यवस्थापन

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

५) कार्यालय (स्वास्थ्य संस्थाहरुमा समेत) मा रहने कर्मचारी संख्या र कार्य विवरण

यस माडी नगरपालिकाको स्वीकृत दरबन्दी संख्या ११० रहेकोमा स्थायी कर्मचारीबाट पदपूर्ती भएको संख्या ६६, करार कर्मचारीबाट पदपूर्ती भएको संख्या ७ र पदपूर्ती बाँकी ३७ रहेको छ, अधिकांश दरबन्दीको पदपूर्तिका लागि प्रदेश लोकसेवासँग माग तथा सरुवा सहमति दिईएको छ । अन्य करार सेवा तर्फ ५७ तथा बघौडा अस्पताल लगायत अन्य स्वास्थ्य संस्थाहरु तर्फ करार सेवामा ६५ जना कर्मचारी कार्यरत रहेका छन् । बघौडा अस्पतालमा एन् एस् आई करारमा ६ जना कर्मचारी कार्यरत छन् ।सरसफाईकर्मी प्रशोधन केन्द्र लगायतमा ज्यालादारीमा २९ जना कर्मचारीलाई काम लगाईएको । नगरपालिका तथा स्वास्थ्य सेवा केन्द्र गरी कुल कार्यरत कर्मचारी संख्या २३० जना रहेको छ ।

६) निकायबाट प्रदान गरिने सेवा

- नागरिक वडापत्र, २०७९/८० अनुसार

७) निर्णय गर्ने प्रक्रिया र अधिकार

- नगर सभा - नगर कार्यपालिका - विषयगत समिति - विषयगत शाखा तथा वडा कार्यालय

८) निर्णय उपर उजुरी सुन्ने अधिकारी

- सम्वन्धीत शाखाको शाखा प्रमुख र शाखा प्रमुखबाट समेत चित्त नबुझेमा प्रमुख प्रशासकीय अधिकृत
- नगरपालिकाको समग्र विषयवस्तु - नगर प्रमुख
- न्यायिक विषय - नगर उप-प्रमुख

९) सम्पादन गरेको कामको विवरण

- यस माडी नगरपालिकाको गत आर्थिक वर्षको मुल्याकंनका आधारमा स्थानीय तह संस्थागत क्षमता मुल्याकंन (LISA) मा ८०.७५ स्थानीय तहको वित्तीय जोखिम मुल्याकंन (FRA) मा ८० र प्राकृतिक स्रोत तथा वीत्त आयोगले गरेको मुल्याकंनमा ६९.१ प्राप्त गरेको छ । विगत वर्षमा यो नतिजा क्रमश ७४.२५, ७७.५ र २६.२ रहेको थियो ।
- विद्युतीय हाँजिरीलाई नेपाल सरकार सूचना प्रविधि विभागद्वारा जारी ईहाँजिरी पोर्टलमा आवद्द गरी नगर कार्यपालिकाको कार्यालय तथा वडा सेवा केन्द्र अस्पताल र स्वास्थ्य सेवा केन्द्रमा समेत लागु गरिएको छ ।
- वडा सचिव लगायतका कर्मचारीहरुका लागि क्षमता विकास सम्बन्धी तालिम सम्पन्न गरिएको तथा जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि विभिन्न कार्यालयहरुमा तालिम अभिमुखिकरण कार्यक्रम लगायतमा सहभागिता गराईएको ।
- समपुरक तथा विशेष योजना मागहरु, राजश्व सङ्कलन, वजेट व्यवस्थापन तथा ईएफटी भुक्तानी प्रणाली, जिम्सी व्यवस्थापन, सामाजिक सुरक्षा तथा घटना दर्ता, योजना सम्झौता, नागरिकताको अनलाईन

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सिफारिस, शिक्षा तथा स्वास्थ्यको सूचना व्यवस्थापन प्रणालीहरु लगायत विभिन्न अनलाईन प्रणालीहरु पूर्ण रुपमा लागू गरिनुका साथै कार्यान्वयन पनि गरिएको छ ।

- नगर कार्यपालिकाका सबै बैठकको निर्णय वेबसाईटमा तत्काल नै सार्वजनिक गर्ने गरिएको छ । कार्यालयबाट जारी हुने सूचना तथा जानकारीहरुलाई सबै नगरवासी तथा सरोकारवाला समक्ष पुगोस् भन्ने हेतुले वेबसाईट फेसबुक पेज हेल्लो माडी नगरपालिका तथा माडीबाट सञ्चालन हुने सबै रेडियोमार्फत् सूचना तथा जानकारीहरु प्रवाह हुने व्यवस्था मिलाईएको छ ।
- तीन तीन महिनामा अनिवार्य जारी गर्नु पर्ने प्रतिवेदन जारी गर्ने गरिएको छ ।
- शाखा प्रमुख तथा वडा सचिवहरुको नियमित बैठक बस्ने गरिएको ।

**उजुरी तथा गुनासोको विवरण**

- चालु आ.व. मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा यस कार्यालय तथा अन्तरगतका निकाय/माडीका विभिन्न संस्था तथा निकायहरु सँग सम्बन्धित उजुरी १३ परेकोमा १३ वटैको जवाफ कार्यालयले पठाइसकेको छ ।
- हेल्लो सरकार र राष्ट्रिय सतर्कता केन्द्रमा कुनै पनि उजुरी नपरेको तथा जिल्ला प्रशासन कार्यालयबाट १ वटा उजुरीको जवाफ माग गरिएकोमा सो उजुरीको पनि जवाफ पठाईएको छ ।
- नगरपालिकाका नगर कार्यपालिकाका सबै निर्णयहरु वेबसाईटमा सार्वजनिक गरिएको छ ।

**पूर्वाधार विकास वस्ति विकास खानेपानी एवम् योजना सम्बन्धी विवरण**

- विभिन्न चरणको छलफलपश्चात् माडी नगरपालिकाको आवधिक योजनाको अन्तिम प्रतिवेदन तयार भई लागू हुने चरणमा रहेको ।
- १० लाख भन्दा माथिको योजनाहरु ईबिडिङ्ग मार्फत् प्रक्रियामा अगाडी बढाईएको
- सुरक्षित नागरिक आवास (एकिकृत वस्ति चेपाङ्ग वनकरिया माझि बोटे) कार्यक्रममा २१ लाभग्राही छनौट भई कार्यान्वयनको चरणमा र ४१ जना लाभग्राहीको खरको छानो विस्थापन कार्यक्रम सम्पन्न भएको
- ६.७ किलोमिटर सडक यस आर्थिक वर्षमा कालोपत्रेको अन्तीम चरणमा रहेको भने १४ किलोमिटर सडक ग्रावेलिङ्गको कार्य भैरहेको र २.३५ किलोमिटर सडक नाला निर्माण भैरहेको छ ।
- १२ वटा कजवे र कल्भर्ट निर्माणको कार्य भैरहेको
- भवन तर्फ विद्यालय भवन २ वटा स्वास्थ्य संस्थाका भवन २ वटा वडा कार्यालय भवन २ वटा र १ सामुदायिक भवन निर्माणको योजना संचालनमा रहेको
- गर्दी र बघौडा खानेपानी आयोजनामा पानी शुद्दीकरण फिल्टर निर्माणाधिन अवस्थामा रहेको ।
- २७ वटा विपन्न समुदायको शौचालय निर्माण कार्य भैरहेको

प्रमुख प्रशासकीय अधिकृत

नगर स्तरीय योजनाहरु

| योजना संख्या | योजना सम्झौता | सम्पन्न भई भुक्तानी भएका योजनाहरु |
|---|---|---|
| २३७ | २०८ | ५३ |

खरिद विधी अनुसार सञ्चालन भएका योजनाहरु

| निर्माण कार्यको ईबिडिङ्ग | सामाग्री खरिद ईबिडिङ्ग | उपभोक्ता समिति | कोटेशन | हेभी ईक्वीपमेन्ट |
|---|---|---|---|---|
| २० | ८ | १५९ | ६ | १५ |

कृषि विकास तथा सिंचाई तर्फ

नगर स्तरीय योजनाहरु

| योजना तथा कार्यक्रम संख्या | योजना सम्झौता | सम्पन्न भई भुक्तानी भएका योजनाहरु |
|---|---|---|
| १३ | ६ | - |

- यस आर्थिक वर्षको सुरुवातमा नै नगरपालिकाबाट विभिन्न अनुदानग्राहीहरुको विवरण सार्वजनिक ।
- साना सिंचाई कार्यक्रम अन्तरगत ९६ वटा २ ईञ्च बोरिङ्ग सम्झौता भई कार्यन्वयन चरणमा रहेको
- ११७०२ मिटर बोरिङ्ग मार्फत् पाईप लाईनिङ्गको कार्य अन्तिम चरणमा रहेको
- आर. सि. सि. कुलो लाईनिङ्ग करिब १ किलोमिटर सञ्चालनमा रहेको ।
- ड्रागन फ्रुटको खेति २ बिगाहामा बिस्तार गरिएको
- Disease and Pest Diagnostic Record System तथा Field Service Tracking and Management System Information Based Agriculture System को सुरुवात ।
- कृषि शाखाको नयाँ कार्यालय भवन मार्फत सेवा सुरुवात गरिएको छ भने एकीकृत कृषि तथा पशुपंक्षी सेवा केन्द्रको स्थापना ।कृषि शाखामा ल्यावको सञ्चालन।
- ट्रयाक्टरको भाडदर निर्धारण ।

प्रमुख प्रशासकीय अधिकृत

पशुपक्षी तथा मत्स्य विकास तर्फ

| योजना तथा कार्यक्रम संख्या | योजना सम्झौता | सम्पन्न भई भुक्तानी भएका योजनाहरु |
|---|---|---|
| १२ | ९ | ३ |

- स्थानीय तह मै पहिलो पटक माडी भेटेरीनरी अस्पताल सञ्चालन गरिएको साथै यसबाट चालु आ.व.मा ५३८३ कृषकका ४५८८४ बटा पशुलाइ उपचार सेवा पुर्याइएको ।
- नेपालमा नै पहीलो स्थानिय तहबाट संचालित भेटेरीनरी अस्पतालको रुपमा विकास गरीएको छ।
- भेटेरीनरी अस्पतालमा छुटै प्रयोगशाला भवनबाट रगत परीक्षण, भिडीयो एक्सरे सेवा सेवा संचालन
- माछा पोखरीको पानि जाच सेवा संचालन गरीएको छ।
- चितवनमा नै पहिलो पटक डिजिटल कृत्रिम गर्भाधान गनको प्रयोग गरी
- कृत्रिम गर्भाधान कार्यक्रम थप प्रभाबकारी वनाइएको छ।
- माडी नगरपालिकावाट गरिएको मानिसमा सर्नसक्ने कुकुरका पेटका जुकाको बारे माडीमा गरेको अध्ययन भारतको जनस्वास्थ सम्वन्धि अन्तराष्ट्रीय जर्नलमा प्रकाशन भएको छ

स्वास्थ्य तर्फ

| योजना तथा कार्यक्रम संख्या | योजना सम्झौता | सम्पन्न भई भुक्तानी भएका योजनाहरु |
|---|---|---|
| ४१ | ४१ | १६ |

- बघौडा अस्पतालमा ART सेवा संचालन गरिएको छ |
- नगरपालिकामा स्तनपान कक्षा संचालन गरिएको छ ।
- ग्रामिण अल्ट्रासाउण्ड सेवा सञ्चालन गरिएको छ ।
- ४९४ जना महिलाहरुको निशुल्क पाठेघरको मुखको क्यान्सर भि.आई.ए. टेस्ट गरिएको छ ।
- वृहत रुपमा आँखा शिविर संचालन गरिएको छ ।
- १५३३ घर परिवारको निशुल्क स्वास्थ्य बीमा नगरपालिकामार्फत् गरिएको छ ।
- विपन्न नागरिक उपचारका लागि ५० जनाको सिफारिस गरिएको छ ।भने ८३ जना तोकिएका दीर्घ रोगीहरुलाई मासिक रु५०००/- उपलब्ध गराईएको छ ।
- जीवन विज्ञान प्रतिष्ठानसँग सहकार्य गरी पूण स्वास्थ्यका लागि स्वजागरण कार्यक्रम सञ्चालन गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

- माडी आयुर्वेद औषधालयमार्फत् निशुल्क आयुर्वेद शिविर तथा पायल्स फिस्टुला फिसर अप्रेसन शिविर सञ्चालन गरिएको छ । वडा नम्बर ६ मा नागरिक आरोग्य केन्द्र स्थापना गरिएको छ ।

**शिक्षा युवा तथा खेलकुद तर्फ**

- राष्ट्रपति रनिङ्ग शिल्ड सफलतापूर्वक सम्पन्न गरिएको |
- कक्षा ८ को उत्तरपुस्तिका सम्परिक्षणको चरणमा रहेको ।
- ईसिडी शिक्षकलाई ग्रेडिङ्ग गरी प्रोत्साहनको कार्यक्रम गरिएको ।
- विद्यालयको लेखा परिक्षणका लागि लेखा परिक्षकको नियक्त गरि पठाईएको ।
- आधारभूत विद्यालय रतनी धोबाहलाई कक्षा ८ संचालन अनुमति प्रदान गरिएको ।
- विभिन्न खेलकुद प्रतियोगिताहरुमा प्रवर्धकको भूमिका निर्वाह गरिएको ।

**सामाजिक विकास तर्फ**

| योजना तथा कार्यक्रम संख्या | योजना सम्झौता | सम्पन्न भई भुक्तानी भएका योजनाहरु |
|---|---|---|
| १६ | १६ | ६ |

- महिलाहरुको लागी मनोसामाजिक परामर्श कार्यक्रम १ देखि ९ वडा सम्म १० वटा कार्यक्रम सम्पन्न भएको |
- जेष्ठ नागरिकको अवलोकन भ्रमण सम्पन्न भएको |
- अपाङ्ग लक्षित कार्यक्रम सम्पन्न भएको |
- गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्यनको चरणमा रहेको |
- दलित समुदायको लागि सीपमुलक तालिम मध्ये कम्प्यूटर सम्बन्धी सीप तालिम संचालनको चरण रहेको |
- अन्तर्राष्ट्रिय महिला दिवस (१६ दिने अभियान) सम्पन्न भएको |
- जेष्ठ नागरिहरुको लागि मनोपरामर्स/ स्वास्थ्य शिबिर कार्यक्रम, महिला जनप्रतिनिधि र अगुवा महिलाहरुको लागी कानुनि प्रशिक्षण तालिम, दलित प्रतिनिधि र अगुवाहरुको लागि कानुनी प्रशिक्षण तालिम , विपन्न आदिवासी जनजाती आयआर्ज कार्यक्रमहरु सञ्चालनको चरणमा रहेको

**श्रम तथा रोजगार शाखा तर्फ**

| योजना तथा कार्यक्रम संख्या | योजना सम्झौता | सम्पन्न भई भुक्तानी भएका योजनाहरु |
|---|---|---|
| १२ | ९ | ६ |

प्रमुख प्रशासकीय अधिकृत

माडी नगरपालिका
कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

- माडी नगरपालिकाबाटै श्रम स्वीकृति प्रदान गर्ने गरिएकोमा यस आर्थिक वर्षमा ७८ जनाको श्रम स्वीकृति प्रदान गरिएको छ ।
- वैदेशिक रोजगारमा मृत्यू भएका परिवारको लागि आर्थिक सहायतका लागि ४ जनाको पेश गरिएकोमा २ को रकम प्राप्त भैसकेको छ भने २ को प्रकृयामा रहेको छ ।
- आर्थिक उपचार सहायतका लागि ४ जनाको पेश गरिएको छ र वैदेशिक रोजगार सन्तति छात्रवृत्ति ९ जनाको पेश गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत १२ वटा रोजगारमूलक योजनाहरु मध्य ६ वटा सम्पन्न भैसकेको ३ वटा सञ्चालनार्थ र ३ वटा सम्झौता बाँकी रहेको
- सुरक्षित आप्रवासन कार्यक्रम (सामी) वित्तिय साक्षरता कक्षा वडा नं. १ र ४ मा २ वटा समूहमा वैदेशिक रोजगारीमा भएका घरपरिवारका ४५ जना महिला तथा ५ जना पुरुष गरी ५० जनालाई प्रदान गरिएको, १७ वटा गहन अभिमुखीकरण कार्यक्रम, माडी नगरपालिकाबाट वैदेशिक रोजगारी सम्वन्धी सूचना प्रदान ४२५ जना तथा मनोसामाजिक परामर्श सेवा २९ जनालाई प्रदान गरिएको, वडा नं ७ को वडा कार्यालय र हनुमानझुलामा मनोसामाजिक परामर्श कार्यक्रम प्रदान गरिएको २ वटा विद्यालयमा विद्यार्थीहरुलाई वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा प्रदान गरिएको

**विपद् व्यवस्थापन वातावरण तथा सरसफाई तर्फ**

- १६ स्थानमा आगलागी भई उद्धार गर्न दमकल खटिएको
- ३ वटा एम्बुलेन्स स्वास्थ्य संस्था मार्फत सेवा दिईरहेको
- वडा नं. ३ कार्यालय परिसरमा स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र (LEOC) को सुचारु गरिएको
- स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना (LDCRP) निर्माणको चरणमा रहेको
- अस्थायी सरसफाई केन्द्र मार्फत फोहर संकलन र व्यवस्थापन गरिएको
- टोल विकास संस्था लाई परिचालन र सबलिकरण कार्यक्रम गरिएको
- नगर र वडा विपद् व्यवस्थापन समितिको बैठक र समन्वयमा विपद् सम्बन्धि गतिविधि गरिएको |
- विपद् व्यवस्थापन कोष बाट विपद् सम्बन्धी राहत र कार्यक्रम साथै योजना सम्पन्न

**१०) कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण**

- कार्यालय प्रमुखको नाम : जगत प्रसाद भुसाल, प्रमुख प्रशासकीय अधिकृत, ९८५५०५०३०६
- सूचना अधिकारीको नाम : प्रवीण भण्डारी, सूचना प्रविधि अधिकृत, ९८५५०१४०३६

**११) ऐन, नियम, विनियम वा निर्देशिकाको विवरण**

गतवर्षसम्म नगरपालिकाले ७ वटा ऐन, ४१ वटा कार्यविधि, ४ वटा नियमावली, र ५ वटा निर्देशिका तयार गरिसकेको थियो। यस वर्षमा आर्थिक ऐन, २०८१, विनियोजन ऐन, २०८१, माडी नगरपालिकाको विपद्

प्रमुख प्रशासकीय अधिकृत

जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको (पहिलो संशोधन) ऐन, २०८१ र माडी प्रज्ञा प्रतिष्ठान ऐन, २०८१ गरी ४ वटा ऐन जारी गरिएको छ । भने कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१, दुध उत्पादन र बजारिकरण अनुदान कार्यक्रम कार्यविधि, २०८१ र विपद् व्यवस्थापन कोष सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१ गरी ३ वटा कार्यविधि जारी गरिएको छ ।

**१२) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**

**आम्दानी तर्फ**

| अपेक्षित आय (रु.) | यथार्थ आय (रु.) | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|
| ९६६७०८३५९.३४ | ५६२५३१३०४.६५ | ५८.१९ | |

**खर्च तर्फ**

| क सं | विवरण | विनियोजित रकम | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु तर्फ | ६४,५१,६६,०४५.६८ | ३४,६४,०२४,८६.४९ | ५३.६९% |
| २ | पूँजिगत तर्फ | ३२,१५,४२,३१३.६६ | १०,२१,१०,८८४.५४ | ३१.७६% |
| ३ | जम्मा | ९६,६७,०८,३५९.३४ | ४४,८५,१३,३७५.०३ | ४६.३९% |

**१३) सार्वजनिक निकायको बेभसाईट भए सो को विवरण**

- www.madimunchitwan.gov.np

**१४) सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

लिखित रुपमा सूचना माग भएको संख्या : १
सूचना माग गर्ने व्यक्ति : रामचन्द्र लम्साल
सूचना दिने प्रक्रियामा रहेको

(प्रवीण भण्डारी)
सूचना अधिकारी

(जगत प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**मिति : २०८१ बैशाख ०७ गते आइतबार**

CamScanner